# स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
## जावलाखेल, ललितपुर

पत्र संख्या :-
च. नं :- ३९

मिति : २०८१।०४।१३

### सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थी मनोनयन फाराम भर्नेसम्बन्धी सूचना
### प्रथम पटक प्रकाशित मितिः २०८१।०४।१३

यस प्रतिष्ठानले चालु आ.व. २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृतस्तर छैटौं, सातौं र आठौं तह तथा संघमा कार्यरत निजामती सेवाका रा.प.अंन. प्रथम/द्वितीय श्रेणीका कर्मचारी र प्रदेश तथा स्थानीय तहका चौंथो/पाँचौं तहका कर्मचारीहरूको क्षमता विकास गर्ने उद्देश्यले **"३० कार्य दिनको सेवाकालीन प्रशिक्षण"** कार्यक्रम सञ्चालन गर्न गइरहेको हुँदा इच्छुक स्थायी कर्मचारीहरूले सेवाकालीन प्रशिक्षण प्रशिक्षार्थी अनलाइन मनोनयन फाराम भरी हाल बहाल रहेको पदको नियुक्ति/बढुवा भएको पत्र वा स्तर बृद्धि भई समायोजन भएको भए अन्तिम समायोजन मिति खुल्ने पत्रको छायाँप्रति र कार्यालय प्रमुखको सिफारिस पत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र प्रतिष्ठानको वेभसाइट **www.ldta.gov.np** को **https://ldta.gov.np/onlineapplication** अनलाइन मनोनयन फाराममा **submit** गरी पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | प्रशिक्षणको नाम | लक्षित समूह | अनलाइन फाराम भर्ने अन्तिम मिति |
|---|---|---|---|
| १ | नेतृत्व विकास तथा सुशासन प्रवर्द्धन | प्रदेश तथा स्थानीय तहमा कार्यरत सातौं र आठौं तहका अधिकृत | २०८१।०४।२४ गते बेलुका ५ बजेसम्म |
| २ | विकास व्यवस्थापन तथा व्यावसायिकता प्रवर्द्धन | प्रदेश तथा स्थानीय तहमा कार्यरत छैटौं तहका अधिकृत | २०८१।०४।२४ गते बेलुका ५ बजेसम्म |
| ३ | कार्यालय सञ्चालन तथा व्यवस्थापन | संघमा कार्यरत रा.प.अनं प्रथम र द्वितीय श्रेणी तथा प्रदेश र स्थानीय तहमा कार्यरत चौथो र पाँचौं तहका कर्मचारीहरु | २०८१।०४।२४ गते बेलुका ५ बजेसम्म |

**पुनश्चः**

१. मनोनयन फाराम भर्ने अन्तिम दिनसम्म कम्तिमा ३ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

२. प्रशिक्षार्थीको विस्तृत विवरण (प्रशिक्षार्थीको नाम, बहाल रहेको पद/श्रेणी/तह, बढुवा/समायोजन/नियुक्ति मिति) खुलेको कार्यालय प्रमुखको सिफारिस पत्र अनिवार्य हुनुपर्नेछ ।

३. छनौटमा परेका कर्मचारीहरूको अन्तिम नामावली र प्रशिक्षण सञ्चालन हुने मिति र समय मनोनयन फाराम भर्ने म्याद समाप्त भएको मितिले ५ दिनभित्र प्रकाशन गरिनेछ ।

४. जेष्ठताको आधारमा सहभागी छनौट गरी प्रतिष्ठानको वेभसाइट **www.ldta.gov.np** मा प्रकाशन गरिनेछ ।

५. मनोनयन फाराम **submit** गरी पठाउँदा प्राप्त हुने **Confirmation Number** सुरक्षित राख्नु पर्नेछ । **Confirmation Number** फर्म भर्दा राख्नु भएको आधिकारिक ईमेलमा प्राप्त हुनेछ ।

६. मनोनयन फाराम स्वीकृत भई छनौट भएका कर्मचारीहरुको लागि सेवाकालीन प्रशिक्षण प्रतिष्ठानको कार्यालय, जावलाखेल, ललितपुरमा सञ्चालन गरिनेछ ।

७. प्रशिक्षण कार्यक्रममा छनौट भएका कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता, यातायात र आवास खर्च आ–आफ्नो कार्यालयबाट व्यवस्था गर्नु पर्नेछ ।

कोनुन लाल चौधरी
कार्यकारी निर्देशक

प्राविधिक सहयोगका लागि सम्पर्कः श्री बुद्धि प्रसाद घिमिरे : ९८५६०२९६११, श्री सन्त लाल श्रेष्ठ : ९८५१२५३०२५

जावलाखेल,ललितपुर,नेपाल
पोष्ट वक्स नं ११९८० Post box no.11980
+९७७ ०१ ५४२१०२१, ५४२२००४
फ्याक्स ++९७७ ०१ ५४२१५२१
ldta.org.np@gmail.com
Jawalakhel,Lalitpur,NEPAL + 977 (1) 5421021, 5422004 Fax +977 (1) 5421521 Web: www.ldta.gov.np